WORKSAFE ACT SAFE + HEALTHY WORKPLACES

निर्देशन नोट

सेफ वर्क मेथड स्टेटमेन्ट्स् - उच्च जोखिम निर्माण कार्य
(SAFE WORK METHOD STATEMENTS - HIGH RISK CONSTRUCTION WORK)

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (**SWMS)** (सुरक्षित कार्य विधि विवरण) तयार र कायम गर्नको लागि यो निर्देशन नोटले मुख्य आवश्यकताहरु वर्णन गर्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को प्रयोजन

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को प्रयोजन भनेको कसरी उच्च जोखिम निर्माण कार्य, सुरक्षित ढङ्गले सञ्चालन गर्न सकिन्छ भन्नको लागि प्रस्ट योजना सुनिश्चित गर्नु हो।[1] केही उच्च जोखिम निर्माण कार्यमा निम्न उदाहरणहरु समावेश छन्, तर यतिमा मात्र भने सीमित हुँदैन:

- कुनै व्यक्ति २ मिटरभन्दा माथिबाट खस्ने जोखिम हुन्छ
- भौतिक अखण्डतासङ्ग जोडिएको संरचनाको कुनै भाग भत्काउने कार्यमा संलग्न हुन्छ
- यास्बेस्टस् (Asbestos) लाई बिथोल्नमा संलग्न हुन्छ, वा बिथोल्ने कार्यमा संग्लग्न हुने सम्भावना हुन्छ
- हिंड्नलाई प्रयोग गरिने फुटपाथ बाहेक सडक, रेलवे, शिपिङ्ग लेन (Shipping Lane) वा अन्य ट्राफिक करिडोरमा वा छेउँछाउँमा कार्य सञ्चालन गरिन्छ
- उर्जावान विद्युतिय स्थापित यन्त्रहरु वा सेवाहरुमा वा नजिकै कार्य सञ्चालन गरिन्छ
- टिल्ट-अप (Tilt-up) वा प्रिकास्ट कंक्रिटमा संलग्न हुन्छ, र/वा
- त्यस्तो कार्यस्थल क्षेत्रमा सञ्चालन गरिन्छ, जहाँ कुनै विद्युत प्रभावित मोबाइल प्लान्ट सार्ने काम हुन्छ।

WHS Regulation (2011) को सेक्शन २९१ मा उच्च जोखिम निर्माण कार्यको पूरा सूचि विवरण राखिएको छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) उच्च आदेश नियन्त्रणहरुलाई सहयोग गर्न प्रयोग गरिने प्रशासकिय वर्क हेल्थ एण्ड सेफ्टी जोखिम नियन्त्रण हो। सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS), अन्य वर्क हेल्थ एण्ड सेफ्टी दस्तावेजहरुबाट फरक छ, जसले कार्य सुरक्षा विश्लेषण वा सुरक्षित सञ्चालन प्रकृया जस्ता तोकिएका कार्यहरु वा प्रकृयाहरुलाई ध्यान दिन्छ। सुपरिवेक्षकहरु र कामदारहरुले सुरक्षितरुपले उच्च जोखिम निर्माण कार्य सञ्चालनको लागि प्रयोग गर्ने नियन्त्रण उपायहरु कार्यान्वयन गर्न, बुझ्न, अनुगमन गर्न र समिक्षा गर्न सक्षम छन् भनी सुनिश्चित गर्न सेफ वर्क मेथड स्टेटमेन्ट्सलाई टुल (Tool) को रुपमा प्रयोग गरिन्छ।

त्यस्ता कार्य जसमा बहु उच्च जोखिम निर्माण कार्य गतिविधीहरुमा संलग्न हुनको लागि एक सेफ वर्क मेथड स्टेटमेन्ट्सलाई प्रयोग गर्न सकिन्छ। वैकल्पिकरुपमा, प्रत्येक किसिमको उच्च जोखिम निर्माण कार्यको लागि एउटा छुट्टै सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार गर्न सकिन्छ।

यदि छुट्टै सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार गरिएमा, फरक कार्य गतिविधीहरुले जुन तरिकाले एक आपसमा प्रभाव पार्न सक्छन्, त्यसलाई ध्यानमा राख्नु पर्छ; खासगरि जहाँ व्यक्तिगत सेफ वर्क मेथड स्टेटमेन्ट्सले नियन्त्रण उपायहरुबिच असङ्गती निम्त्याउँछ।

वर्क हेल्थ एण्ड सेफ्टी रेगुलेशन्स (२०११) को सेक्शन २९९ अनुसार सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार पार्नै पर्छ।

---

[1] **नोट:** उर्जावान विद्युतिय उपकरणमा, कार्यको लागि सेफ वर्क मेथड स्टेटमेन्ट्स् पनि पूरा गर्नै पर्छ। *Managing Electrical Risks at the Workplace Code of Practice* ले विद्युतिय कार्य र जोखिम नियन्त्रणहरु बारे थप जानकारी प्रदान गर्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स्को (SWMS) तयारी र परामर्श

(DEVELOPING AND CONSULTING SWMS)

व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) ले उच्च जोखिम निर्माण कार्य सुरु गर्नु अघि सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार पार्ने, वा अन्य व्यक्तिद्वारा पहिले नै तयार पारिसकेको भनी सुनिश्चित गर्नै पर्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार पार्न सबैभन्दा राम्रो अवस्थामा को रहेको छ भनी निर्क्यौल गर्न मुख्य ठेकेदार, बिल्डर र उप-ठेकेदारहरुले एक आपसमा परामर्श गर्नु पर्छ। सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार पार्न सबैभन्दा राम्रो को हुनसक्छ भन्ने निर्धारण गर्न मुख्य ठेकेदार, बिल्डर र उप-ठेकेदारहरुले एक आपसमा परामर्श गर्नु पर्छ। कामदारहरु जो कार्यसङ्ग सिधै संलग्न हुन्छन्, तिनीहरुको परामर्शमा उच्च जोखिम निर्माण कार्य सञ्चालनको जिम्मेवार व्यक्ति नै सामान्यतया सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार पार्न सबैभन्दा उपयुक्त हुन्छन्।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार गर्ने समयमा परामर्श एकदमै महत्वपूर्ण हुन्छ। व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) ले सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को विवरण र जोखिम नियन्त्रणहरु कार्यान्वयन र कायम गर्न तिनीहरुलाई के आवश्यक छ भनी बुझ्नको लागि सुनिश्चित गर्न कामदारहरुसङ्ग परामर्श गर्नै पर्ने हुन्छ।

परामर्श गर्ने यस्तो दायित्व त्यस्तो मान्यतामा आधारित छ, जहाँ स्वास्थ्य र सुरक्षा मामिलाहरु बारे कामदारको देन (Input) र सहभागिताले निर्णय गर्नमा सुधार गर्छ र काम सम्बन्धित चोटपटक र रोगलाई कम गर्न सघाउँछ।

जानकारी बाँड्नाले र कामदारको ज्ञान र अनुभव उपयोग गर्नाले, सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) अनुसार कार्य प्रस्तुत गर्न सहयोग निश्चित गर्नेछ। यदि कार्यस्थलमा हेल्थ एण्ड सेफ्टी रिप्रिजेन्टिभ (HSR) भएमा सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार गर्दा तिनीहरुसङ्ग पनि परामर्श गर्नु पर्छ। मुख्य ठेकेदारसङ्ग कार्यस्थलमा प्रयोग गरिने सेफ वर्क मेथड स्टेटमेन्ट्स्को (SWMS) सबै सान्दर्भिक दस्तावेजहरु रहेको छ भनी व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) ले सुनिश्चित गर्नै पर्छ।

व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) जसले सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) पूरा गर्नमा असफल भएमा व्यक्तिगतको लागि $६,००० सम्म वा संस्थागत निकायको लागि $३०,००० सम्म जरिवाना तिर्नु पर्ने हुनसक्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) मा समावेश गर्नै पर्ने जानकारी

उच्च जोखिम निर्माण कार्य सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) अनुसार सञ्चालन गर्नै पर्ने हुन्छ। सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) पालना गरेको सुनिश्चित गर्न, व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) ले उचित प्रबन्धहरु मिलाउनै पर्ने हुन्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) ले निम्न गर्नै पर्ने हुन्छ:

- उच्च जोखिम निर्माण कार्यलाई पहिचान गर्ने
- उच्च जोखिम निर्माण कार्यसङ्ग सबै सम्बन्धित खतराहरु र ती खतराहरुसङ्ग जोडिएको सबै स्वास्थ्य र सुरक्षा जोखिमहरु पहिचान गर्ने र वर्णन गर्ने
- जोखिमहरुलाई नियन्त्रण गर्न अपनाइने उपायहरु वर्णन गर्ने, र
- नियन्त्रण उपायहरुलाई कसरी कार्यान्वयन, अनुगमन र समिक्षा गर्ने भनी वर्णन गर्ने।

उच्च जोखिम निर्माण कार्य सञ्चालनमा असर पार्न सक्ने कार्यस्थलको परिस्थिति लगायत सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) ले सबै सम्बन्धित मामिलाहरुलाई ध्यानमा राख्ने गरी तयार गर्नै पर्छ। उदाहरणको लागि, कार्यस्थलको आकार वा ले-आउटले कतिसम्म उच्च जोखिम निर्माण कार्य सञ्चालन गर्न र नियन्त्रण उपायहरु कार्यान्वयन गर्न असर गर्नेछ। निर्माण परियोजनासङ्ग जोडिएको उच्च जोखिम निर्माण कार्य यदि सञ्चालन गरिन्छ भने, कार्यस्थलको लागि वर्क हेल्थ एण्ड सेफ्टी (WHS) व्यवस्थापन योजना पनि तयार गर्नै पर्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) ले मुख्य ध्यान उच्च जोखिम निर्माण कार्यको लागि खतराहरु पहिचान गर्नमा र कार्यलाई सुरक्षित तरीकाले सञ्चालन गर्नको लागि अवलम्बन गरिने नियन्त्रणका उपायहरुमा हुनुपर्दछ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को विषयवस्तुले कार्यान्वयन गरिने नियन्त्रण उपायहरुमा प्रस्ट निर्देशन प्रदान गर्नु पर्छ। ***लामो, अति विस्तृत सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) बुझ्न, लागू गर्न, अनुगमन र समिक्षा गर्न कठिनाइ हुनसक्छ।***

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) मा गैर विशेष नियन्त्रणहरु, जसलाई सुपरिवेक्षकहरु वा कामदारहरुद्वारा गरिने निर्णय आवश्यक पर्छ, लगायत सामान्यकृत कथनहरु भन्नबाट जोगिनु पर्छ। उदाहरणको लागि, 'उपयुक्त व्यक्तिगत सुरक्षित उपकरण (PPE) प्रयोग गर्नुहोस्' भनाइ जुन दुवै सामान्य साथै के उपयुक्त हो भन्ने बारे कामदारले निर्णय गर्न आवश्यक पर्छ। यसको सट्टा, व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) ले गतिविधिको लागि प्रयोग गर्न आवश्यक पर्ने खास व्यक्तिगत सुरक्षित उपकरण (PPE) निर्धारण गर्न, कार्य सञ्चालन गर्ने कामदारहरुसङ्ग परामर्श गर्नु पर्छ र त्यस पश्चात प्रस्टरुपमा सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) मा स्पष्ट पार्नु पर्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार गर्नैपर्छ ताकि कार्य सञ्चालन गरिरहेका सबै कामदारहरुद्वारा त्यसलाई पूरै बुझ्न सक्छन्। फरक साक्षरता आवश्यकताहरु पूर्ति गर्न सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) लाई फरक भाषाहरुमा अनुवाद गर्न वा तस्विर, चित्र, र इन्फोग्राफिक्स समावेश गर्न आवश्यक पर्न सक्छ। कार्यबाट उत्पन्न खतराहरु र जोखिमहरु बुझ्न र सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) मा कसरी जोखिम उपायहरु प्रयोग गर्ने भनी बुझ्न कामदारहरु सक्षम हुनै पर्छ। यदि सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) अनुसार कार्य गरिएको छैन भने, के गर्ने भनी कामदारहरलाई थाहा हुनै पर्छ।

सामान्य निर्माण इन्डक्शन तालिम, कार्यस्थल विशेष तालिम वा मुख्य ठेकेदार, ठेकेदार वा उप-ठेकेदारद्वारा टुलबक्स टक (कार्य शिफ्ट सुरु अघिको छोटो, अनौपचारिक सुरक्षा मिटिङ्ग) समयमा कामदारहरुको लागि सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) बारेको जानकारी र निर्देशन प्रदान गर्न सकिन्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) अनुगमन र समिक्षा गर्दै

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) लाई प्रभावकारी राख्न सुनिश्चित गर्न, त्यसलाई नियमितरुपमा समिक्षा गर्नै पर्छ। यदि नियन्त्रण उपायहरुलाई परिमार्जित वा परिवर्तन गरिएको छ भने सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) लाई पनि समिक्षा र अद्यावधिक गर्नै पर्छ। सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार गर्दा गर्दै, सम्बन्धित कामदारहरु, ठेकेदारहरु, उप-ठेकेदारहरु र हेल्थ एण्ड सेफ्टी रिप्रिजेन्टिभ (HSR) को परामर्शमा समिक्षा गर्नु पर्छ। यदि सान्दर्भिक छ भने, गरिएको समिक्षाले कुनै पनि पहिलेको घटनाहरु, नयाँ वा परिमार्जित नियन्त्रण उपायहरु लगायतका बिषयहरुलाई ध्यान दिनु पर्छ।

जब सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) लाई परिमार्जित गरिन्छ, व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) ले सुनिश्चित गर्नै पर्छ कि:

- परिमार्जन गरी सकियो र कसरी तिनीहरुले परिमार्जित सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) लाई पहुँच गर्न सक्छन् भनी उच्च जोखिम निर्माण कार्यमा संलग्न सबै व्यक्तिहरुलाई जानकारी गराइयो (निर्माण परियोजनाको लागि, मुख्य ठेकेदारलाई परिमार्जित सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को एक प्रतिलिपी दिनै पर्छ।)
- समिक्षा गरेको नतिजास्वरुप कार्य प्रकृया वा प्रणाली परिवर्तन गर्न आवश्यक पर्ने सबै व्यक्तिहरुलाई परिमार्जित सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) मा भएका फेरबदलहरु बताइन्छ, र
- उच्च जोखिम निर्माण कार्यमा संलग्न सबै कामदारहरुलाई उपयुक्त जानकारी र निर्देशन दिइन्छ, जसले तिनीहरुलाई परिमार्जित सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) बुझ्न र प्रयोग गर्न सहायता गर्नेछ।

नियन्त्रण उपायहरु कार्यान्वयन, अनुगमन र समिक्षा गर्ने कार्य जस्तै सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) मा भएका, व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) द्वारा कार्यस्थलका अन्य व्यक्ति जस्तै सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) कृयाकलापको सुपरिवेक्षकलाई लगाउन सकिन्छ। तपानि, व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) का दायित्वहरु स्थानान्तरण हुँदैन। व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) कामदारहरुको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) का नियन्त्रण उपायहरु कार्यान्वयन, अनुगमन र समिक्षाको सम्बन्धमा सन्तुष्ट हुनै पर्नेछ।

वर्क हेल्थ एण्ड सेफ्टी (WHS) व्यवस्थापन योजनामा कार्यस्थलका सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को संकलन र कुनै आकलन, अनुगमन र समिक्षाको लागि प्रबन्धहरुको विवरणहरु समावेश गर्नै पर्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) अनुसार सञ्चालन गरिने कार्यको अनुगमनलाई, कार्य अवलोकनद्वारा सिधै गर्न सकिन्छ। पालना भएको सुनिश्चित गर्न अन्य अनुगमन तरिकाहरुमा रुटिन प्रणाली वा अनियमित (Random) कार्यस्थल निरिक्षणहरु समावेश छन्।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) अनुसार यदि कार्य गरिएको छैन भने, त्यसपछि कार्यलाई तुरुन्तै वा सुरक्षित छ भने सकेसम्म चाँडो रोक्नै पर्छ। सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) अनुसार कार्य गर्न नसकुन्जेल, कार्यलाई पुन: सुरु गर्नु हुँदै हुँदैन।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को आवश्यकताहरु र निर्माणको जोखिमहरु व्यवस्थित गर्न थप जानकारीको लागि, *Construction Work Code of Practice* र Safe Work Method Statements webpage मा हेर्नुहोस्। सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को टेम्प्लेट र नमूनाको लागि तलको लिङ्कहरु हेर्नुहोस्:

- Safe work method statement - Template (DOC 93KB) वा (PDF 184KB) (Attachment A को रुपमा पनि दिइएको छ)
- High Risk Construction Work Safe Work Method Statement Sample (DOC 283KB) वा (PDF 354KB)

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) राख्दै

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) लाईइलेक्ट्रोनिकलाई इलेक्ट्रोनिक प्रतिलिपीहरु लगायत उच्च जोखिम निर्माण कार्य गरिने कार्यस्थलमा राख्नु पर्छ। यदि यसो गर्न संभव छैन भने, त्यसपछि सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) लाई कामदारहरुले सजिलै पहुँच गर्न सक्ने स्थानमा राख्नुपर्छ।

उपयुक्त कामदारहरुको लागि र वर्कसेफ एसिटी (WorkSafe ACT) निरीक्षकद्वारा निरीक्षणको लागि उपलब्ध गराउन, व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) ले सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को एकप्रति राख्नै पर्छ।

उच्च जोखिम निर्माण कार्य पूरा नभइन्जेलसम्म एकप्रति राख्नै पर्छ। यदि सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) लागू हुने उच्च जोखिम निर्माण कार्यसङ्ग जोडिएको सुचित गर्नु पर्ने घटना घटेमा, घटना घटे पश्चात कम्तिमा २ बर्षको लागि सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) राख्नै पर्छ।

सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) परिमार्जित गरिएको भए, प्रत्येक संस्करण राख्नु पर्छ।

अन्य दायित्व भएकाहरुसङ्ग परामर्श

वर्क हेल्थ एण्ड सेफ्टी (WHS) कानुन अनुसार स्वास्थ्य र सुरक्षा दायित्व भएका प्रत्येक व्यक्तिले उही मामिलामा दायित्व हुने प्रत्येक व्यक्तिसङ्ग परामर्श, सहकार्य र संयोजन गतिविधीहरु गर्न आवश्यक पर्छ।

दायित्व भएकाहरु बिच परामर्श गर्दा, कार्यसङ्ग सम्बन्धित खतराहरु र जोखिमहरु के हुन्, कस्ता कामदारलाई असर गर्छ र कसरी जोखिमहरुलाई हटाइने वा नियन्त्रित गरिने छ भन्नेमा सबैजनामा साझा बुझाइ सुनिश्चित गर्छ।

यदि उच्च जोखिम निर्माण कार्य गरिने कार्यस्थलमा एकभन्दा बढी दायित्व भएकाहरु भएमा, उदाहरणको लागि जब व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) ले उप-ठेकेदार संलग्न गराउँछ (तिनीहरुको सम्बन्धित व्यवसायका लागि जो व्यवसाय वा कारोबार चलाउने व्यक्तिहरु (PCBUs) हुन्, तिनीहरुले एक आपसमा कसले सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) तयार गर्नेछ र कसले प्रभावित कामदारहरु र तिनीहरुका प्रतिनिधीहरुसङ्ग परामर्श गर्नेछन् भनी संयोजन गर्न परामर्श र सहकार्य गर्नैपर्छ।

वर्क हेल्थ एण्ड सेफ्टी (WHS) व्यवस्थापन योजनामा, कार्यस्थलमा व्यवसाय वा कारोबार चलाउने व्यक्तिहरु (PCBUs) बिच परामर्श, सहकार्य र संयोजनको लागि प्रबन्धहरु मिलाएका छन् भनी मुख्य ठेकेदारले उल्लेख गर्नै पर्छ।

उच्च जोखिम निर्माण कार्य सुरु हुन अघि सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) प्राप्त गर्न उचित कदमहरु चाल्ने पनि मुख्य ठेकेदारको एक दायित्व हो। यो निम्न कार्यद्वारा गर्न सकिन्छ:

- ठेकेदारहरुलाई कार्य सुरु गर्नु अघि, उनीहरुलाई सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) को एकप्रति प्रदान गर्न र सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) साइटमा उपलब्ध गराउन भनी सोधेर, र
- वर्क हेल्थ एण्ड सेफ्टी (WHS) व्यवस्थापन योजनामा यो प्रस्ट पार्दै कार्य सुरु हुन अघि, मुख्य ठेकेदारलाई सेफ वर्क मेथड स्टेटमेन्ट्स् (SWMS) प्रदान गर्नै पर्छ।

कार्यस्थलमा परामर्श, सहकार्य र संयोजन बारे थप जानकारीको लागि, *Work Health and Safety Consultation, Cooperation and Coordination Code of Practice* मा हेर्नुहोस्।

वर्क हेल्थ एण्ड सेफ्टी (WHS) व्यवस्थापन योजना तयार गर्न जानकारीको लागि, *Guidance note: Work health and safety management plans* मा हेर्नुहोस्।

WORKSAFE ACT SAFE + HEALTHY WORKPLACES

ATTACHMENT A— सेफ वर्क मेथठ स्टेटमेन्ट टेम्प्लेट (SAFE WORK METHOD STATEMENT TEMPLATE)

नोट: सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) अनुसार कार्य प्रस्तुत गर्नै पर्छ। सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) सङ्ग सम्बन्धित उच्च जोखिम निर्माण कार्य पूरा नभइन्जेलसम्म निरीक्षणको लागि यो सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) राख्नै र उपलब्ध गराउनै पर्छ। यदि सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) परिमार्जित गरेमा, प्रत्येक संस्करण राख्नु पर्छ। यदि यस सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) मा उच्च जोखिम निर्माण कार्यसङ्ग सम्बन्धित सुचित गर्नु पर्ने घटना घटेमा, सुचित गर्नु पर्ने घटना घटेको मितिदेखि कम्तिमा २ बर्षसम्म सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) राख्नै पर्छ।

व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU):	[व्यवसाय वा कारोबार चलाउने व्यक्ति (PCBU) को नाम, सम्पर्क विवरण]	मुख्य ठेकेदार (PC)	[नाम, सम्पर्क विवरण]
कार्य प्रबन्धक:	[नाम, सम्पर्क फोन]	**मुख्य ठेकेदारलाई** SWMS **प्रदान गरेको मिति**:	मिति उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्
कार्य गतिविधि:	[कार्य विवरण]	**कार्यस्थत ठाउँ**:	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्

उच्च जोखिम निर्माण कार्य:	
☐ २ मिटरभन्दा माथिबाट व्यक्ति खस्ने जोखिम (नोट: यो ३ मिटर हुन्छ केही अधिकार क्षेत्रहरुमा)	
☐ टेलिकम्युनिकेशन टावरमा काम गर्ने	☐ भार वहन गर्ने संरचना भत्काउँदा
☐ यास्बेस्टस (Asbestos) लाई विथोल्न पर्ने सम्भावना	☐ संरचनात्मक फेरबदल वा मर्मतको लागि अस्थायी भार वहन गर्न आड दिने
☐ बन्द स्थान वा नजिकै काम गर्ने	☐ १.५ मिटर भन्दा गहिरो शाफ्ट (Shaft) वा खाडल वा टनेलमा वा नजिकै काम गर्दा
☐ विस्फोटक पदार्थ प्रयोग गर्ने	☐ चाप दिएको ग्यासको मुख्य भाग वा पाइपमा वा नजिकै
☐ रासायनिक, इन्धन वा फ्रिज लाइनहरूमा वा नजिकै	☐ उर्जावान विद्युतिय स्थापित यन्त्रहरु वा सेवाहरुमा वा नजिकै कार्य गर्दा
☐ दुषित वा ज्वलनशील वातावरण हुनसक्ने क्षेत्रमा काम गर्दा	☐ टिल्ट-अप वा प्रिकास्ट कंक्रिट तत्व
☐ हिंड्नलाई प्रयोग गरिने फुटपाथ बाहेक सडक, रेलवे, शिपिङ्ग लेन वा अन्य ट्राफिक करिडोरमा वा छेउँछाउँमा कार्य गर्दा	
☐ विद्युतिय मोबाइल प्लान्ट सार्ने क्षेत्रमा काम गर्दा	☐ तापक्रमको कृतिम अति ज्यादा क्षेत्रमा काम गर्दा
☐ पानी नजिक वा डुब्ने जोखिम हुने अन्य तरल पदार्थमा काम गर्दा	☐ डाइभिङ्ग काम
☐ विद्युतिय उपकरणहरु वा अर्को यान्त्रिक प्रकृया प्रयोग गरेर कृस्टलाइन सिलिका सामाग्री काट्न संलग्न हुने कार्य गर्दा	

सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) सङ्ग पालनामा सुनिश्चितताको लागि जिम्मेवार:	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) प्राप्त गरेको मिति:	मिति उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्
सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) पालनामा सुनिश्चित गर्नको लागि के उपायहरु अपनाइएका छन्?	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्		
सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) नियन्त्रण उपायहरु समिक्षा गर्नको लागि जिम्मेवार व्यक्ति:	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	**समिक्षकद्वारा SWMS प्राप्त मिति**:	मिति उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्
सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) नियन्त्रण उपायहरु कसरी समिक्षा गरिनेछ?	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्		
समिक्षा मिति:	मिति उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	**समिक्षकको हस्ताक्षर**:	

के कार्यहरु संलग्न छन्?	**खतराहरु र जोखिमहरु के हुन्?**	**नियन्त्रण उपायहरु के हुन्?**
गर्नु पर्ने कार्यहरु तार्किक क्रममा सुचिकृत गर्नुहोस्	कामदारहरु वा सार्वजनिक मानिसहरुलाई क्षति पुर्याउन सक्ने खतराहरु र जोखिमहरु पत्ता लगाउनुहोस्	जोखिम नियन्त्रण गर्न के गरिन्छ वर्णन गर्नुहोस्। गतिविधिलाई संभव भएसम्म सुरक्षित बनाउन तपाईले गर्नु हुनेछ?
टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्
टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्

कामदार (हरु) को नाम	कामदारको हस्ताक्षर (हरु)
टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	
टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्	
कामदारद्वारा सेफ वर्क मेथठ स्टेटमेन्ट (SWMS) प्राप्त मिति	मिति उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्